जनकपुरधाम उप-महानगरपालिका

जनकपवधामउप-महानगवपानिका

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- ०८२/०८३

चलानी नं. :- 2625

मितिः- २०८२/०९/०४

**विषयः- कक्षा-८ को परीक्षा आवेदन फाराम भर्ने भराउने सम्बन्धी सूचना ।**

श्री सबै संस्थागत तथा सामुदायिक विद्यालयहरु

जनकपुरधाम उपमहानगरपालिका ।

प्रस्तुत विषयमा यस उपमहानगरपालिको आधारभूत तह उत्तीर्ण परीक्षा समितिको मिति २०८२/०९/०४ गतेको निर्णयानुसार कक्षा-८ को परीक्षा संचालन सम्बन्धमा तपसिलमा उल्लेख भए बमोजिम मिति २०८२/०९/०६ देखि २०८२/०९/२१ गते सम्म IEMIS बाट ONLINE परीक्षा आवेदन फाराम भर्न हुन सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

१. विद्यार्थीहरुको आवेदन फाराम (Application Form) मा अनिवार्य रुपले IEMIS मा फोटो अपलोड भएको हुनुपर्नेछ ।

२. संस्थागत विद्यालयको हकमा शुल्क प्रति विद्यार्थी रु. ५००/- को दरले सिंगल दस्तुरमा मिति २०८२/०९/२१ गते सम्म र दोब्बर दस्तुरमा थप ७(सात) दिन यस उपमहानगरपालिकाको राजश्व शाखामा नगद जम्मा गरी रसिद, आवेदन फाराम, जन्म दर्ताको प्रमाणित प्रतिलिपी र समष्टिगत शिक्षा तथा खेलकुद विकास शाखामा पेश भएमा सिम्बल नं. कायम गरिने छ ।

३. सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई निःशुल्क परीक्षा संचालन हुने भएकोले परीक्षा शुल्क तिर्नु नपर्ने ।

४. IEMIS मा आवेदन फाराम भर्दा स्थानीय विषयको नाम नराखी, विद्यालयले अध्यापन गराइएको विषयको नाम ३ (तीन) दिन भित्र यस कार्यालयमा पेश गर्नु पर्ने ।

५. आवेदन फाराम (Application Form) भर्दा जन्मदर्तामा उल्लेख भएको नामनामेशी अनुसारको अंग्रेजीमा Spelling हुनुपर्नेछ ।

..................

(अन्जु पाण्डेय)

शाखा प्रमुख

शिक्षा युवा तथा खेलकुद विकास शाखा

शाखा अधिकृत आठौं



Website: janakpurmun.gov.np

Email: janakpursmc@gmail.com